लोक सेवा आयोग
# धनकुटा कार्यालय, धनकुटा

☎ : ०२६-५२२१३०, ०२६-५२२१५१, फ्याक्स नं.: ०२६-५२२१५१, Website:www.psc.gov.np, Email:dhankuta@psc.gov.np

## परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. १०९/०७८-७९, मिति: २०७९/०२/०६**

लोक सेवा आयोग, धनकुटा कार्यालय, धनकुटाले संचालन गर्ने राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको मिति २०७८।०७।१४ गते प्रकाशित विज्ञापन तथा मिति २०७८।१२।१७ गतेको लिखित परीक्षा कार्यक्रम अनुसार तपसीलमा उल्लेखित पदहरुको खुला प्रतियोगितात्मक लिखित परीक्षा पूर्व निर्धारित कार्यक्रमानुसार निम्न मिति, समय र स्थानमा संचालन हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**परीक्षा संचालन सम्बन्धी कार्यक्रम:**

| क्र. स. | वि.नं. | पद, सेवा, समूह, उपसमूह | परीक्षा मिति | |
|---|---|---|---|---|
| | | | प्रथम पत्र | द्वितीय पत्र |
| १ | ८९/२०७८/७९ (खुला/समावेशी) प्रदेश नं. १ र सो अन्तर्गतका कार्यालयहरु | वरिष्ठ सहायक (सूचना प्रविधि), प्रशासन, सूचना प्रविधि, ५ | २०७९ जेष्ठ २५ गते दिनको २:०० बजे (३ घण्टा) | २०७९ जेष्ठ २६ गते दिनको २:०० बजे (३ घण्टा) |

**परीक्षा केन्द्र**

| सि.नं. | रोल नं. | | परीक्षा भवन | उम्मेद्वार संख्या |
|---|---|---|---|---|
| | देखि | भित्रका | | |
| १ | 189001 | 189200 | श्री लोक सेवा आयोग, धनकुटा कार्यालय, धनकुटाको परीक्षा हल | 200 |
| २ | 189201 | बाँकी सबै | श्री धनकुटा बहुमुखी क्याम्पस, धनकुटा | 250 |

**द्रष्टव्य :**

- प्रवेशपत्र विना परीक्षामा सम्मिलित नगराईने हुँदा अनिवार्यरुपमा प्रवेशपत्र साथमा लिई परीक्षा संचालन हुनु भन्दा १ घण्टा ३० मिनेट अगावै परीक्षा भवनमा आइपुग्नु पर्नेछ । परीक्षा भवनबाट प्रवेशपत्र वितरण गरिने छैन ।
- उत्तरपुस्तिकामा अनिवार्य रुपमा कालो मसी भएको कलम/डटपेन मात्रै प्रयोग गर्नुपर्नेछ ।
- परीक्षा हलमा मोवाइल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ । बस्तुगत बहु वैकल्पिक प्रश्नको उत्तर दिदा (Capital Letter मा A,B,C,D) लेख्नुपर्नेछ ।
- परिक्षार्थीले परिक्षाकेन्द्रमा आउदा नागरिकताको प्रमाणपत्र वा मतदाता परिचयपत्र वा सवारी साधन चालक अनुमतिपत्र वा सरकारी कार्यालयवाट जारी भएको फोटोसहितको कुनै एकको सक्कलै प्रमाणपत्र अनिवार्य रुपमा आफुसाथ लिई आउनु पर्नेछ ।
- **संक्रमणको विशेष अवस्थामा परीक्षा (संचालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ अनुसार परीक्षार्थीले तपसिलमा उल्लेखित विषयहरुको पूर्ण पालना गर्नुपर्नेछ ।**
  (१) परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवार स्वयम्ले कम्तिमा माक्स, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नुपर्ने ।
  (२) उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एकापसमा दुई मिटरको दूरी कायम गर्नुपर्ने
  (३) परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्ने ।
  (४) परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसंग तोकिएको स्थानमा जानुपर्ने ।
  (५) परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।
  (६) परीक्षार्थीले लेख्न बाँकी रहेको उत्तरपुस्तिकाको खाली ठाउँमा आफै काट्नु पर्नेछ र उत्तरपुस्तिका गन्ती गरी बुझाउनु पर्नेछ ।

(विदुर गौतम)
शाखा अधिकृत

(चुरामणि मरासिनी)
उपसचिव